# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः८ संख्याः११ मितिः २०८१।१०।०८

भाग–२

मालिकार्जुन गाउँपालिका


| कार्यपालिकाबाट स्वीकृत मिति | २०८१।१०।०२ |
|---|---|

# मालिकार्जुन गाउँपालिकाको सामुदायिक विद्यालयको भान्से व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा दैनिक रुपमा पाक्ने दिवा खाजालाई स्वस्थ, गुणस्तरीय, नियमित, प्रभावकारी र सुव्यवस्थति तरिकाले पकाई विद्यार्थी समक्ष

पुऱ्याउन भान्से व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९ को परिच्छेद (७०) उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ: (**१) यो कार्यविधिको नाम " सामुदायिक विद्यालयको भान्से व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

**(क) "कार्यपालिका"** भन्नाले मालिकार्जुन गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

**(ख) "कार्यालय"** भन्नाले मालिकार्जुन गाउँपालिका दार्चुलाको कार्यालय सम्झनु पर्छ ।

**(ग) "गाउँपालिका"** भन्नाले मालिकार्जुन गाउँपालिका दार्चुलालाई सम्झनुपर्छ ।

**(घ) "भान्से"** भन्नाले यसै कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरुमा दिवा खाजा पकाउनको लागि नियुक्त गरेको कर्मचारी सम्झनुपर्छ ।

**(ङ) "शाखा"** भन्नाले मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्छ ।

**(च) "सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार तथा स्थानीय तहबाट अनुमति/स्वीकृति लिई मालिकार्जुन गाउँपालिका क्षेत्रभित्र सञ्चालित भएका आधारभूत तथा माध्यमिक विद्यालय सम्झनु पर्छ ।

(छ) **"आधाभूत तह"** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा ३, ५ र ८ सम्म सञ्चालित विद्यालय सम्झनुपर्ने छ ।

(ज) **"माध्यमिक तह"** भन्नाले प्रारम्भिक बालविकासदेखि कक्षा १० तथा कक्षा १२ सम्म सञ्चालित विद्यालय सम्झनुपर्ने छ ।

(झ) **"विद्यालय व्यवस्थापन समिति"** भन्नाले मालिकार्जुन गाउँपालिकाको शिक्षा ऐन, २०७९ अनुसार सामुदायिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनुपर्ने छ ।

## परिच्छेद – दुई

## सामुदायिक विद्यालयमा दिवा खाजाको भान्से सम्बन्धी व्यवस्था तथा कोटा निर्धारण

३. विद्याललयमा दिवा खाजा पकाउने भान्से सम्बन्धी व्यवस्थाः (१) मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयमा दैनिक रुपमा पाक्ने दिवा खाजालाई स्वस्थ, गुणस्तरीय, नियमित र सुव्यवस्थति तरिकाले पकाएर विद्यार्थीलाई खुवाउन हरेक विद्यालयमा विद्यालयले भान्से व्यवस्थापन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयले भान्से व्यवस्थापन गर्दा सामान्यतया आधाभूत र माध्यमिक तहमा एक/एक जना भान्से करार सेवामा भर्ना गरी व्यवस्थापन गर्न सक्नेछ ।

(३) माध्यमिक तहको विद्यालयले आवश्यकता र औचित्यको आधारमा विद्यालयको आफ्नै स्रोतले व्यवस्थापन गर्ने गरी एकभन्दा बढी भान्से व्यवस्थापन गर्न उपदफा (२) ले बाधा पुर्‍याएको मानिने छैन ।

(४) उपदफा (२) र (३) बमोजिम विद्यालयले भान्सेको कोटा निर्धारण गर्दा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिमा आवश्यकता र औचित्यको आधारमा छलफल तथा निर्णय गरी आवश्यक कोटा निर्धारण गर्न सक्नेछ ।

(५) यो कार्यविधि लागु हुनुपुर्व कुनै विद्यालयले आफ्नो विद्यालयमा दिवा खाजा पकाउनको लागि छुट्टै जनशक्ति व्यवस्थापन गरेको भए सो विद्यालयमा स्वतः भान्सेको एउटा कोटा निर्धारण भएको मानिनेछ ।

(६) माथि जुन सुकै कुरा उल्लेख गरिएको भएपनि आधारभूत तथा माध्यमिक तहका विद्यालयमा विद्यालयको आफ्नै जनशक्तिले दिवाखाजा व्यस्थापन गर्न सक्ने देखिएमा भान्सेको लागि छुट्टै कोटा निर्धारण गर्न सक्ने छैन ।

(७) उपदफा (६) बमोजिम भान्सेको काम गर्न थप जिम्मेवारी दिएको विद्यालयको कर्मचारीलाई दफा (१०) को उपदफा (२) बमोजिमको थप सेवा सुविधा दिन बाधा पर्ने छैन ।

## परिच्छेद - तीन

## भान्सेको पदपूर्ति सम्बन्धी व्यवस्था

४. भान्सेको पदमा पदपूर्तिका लागि विज्ञापन गर्नुपर्ने : (१) विद्यालय व्यवस्थाप समितिबाट विद्यालय दिवा खाजा पकाउने भान्सेको कोटा निर्धारण भए पश्चात् उक्त कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा भान्से पदपूर्तिका लागि न्यूनतम सात दिनको अवधि तोकी विद्यालयले सार्वजनिक रुपमा विज्ञापन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरूले दरखास्त दिन सक्नेछन्:

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) सामान्य लेखपढ गर्न सक्ने,

५. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया : दफा (४) बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा भान्से पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रणाली व्यवस्था अनुसूची-१ बमोजिम हुनेछ ।

६. भान्से छनौट समिति सम्बन्धी व्यवस्था: (१) यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थाप समितिबाट कोटा निर्धारण भई आधारभूत तथा माध्यमिक विद्यालयमा भान्सेको छनोट गरी पदपूर्ति गर्न देहायको भान्से छनौट समिति रहनेछ :-

(क) विद्यालय व्यवस्थाप समिति वा निजले तोकेको समिति सदस्य -संयोजक

(ख) बरिष्ठतम शिक्षक एक जना विषयविज्ञ - सदस्य

(ग) प्रधानाध्यापक - सदस्य सचिव

(२) समितिले आवश्यकताका आधारमा शिक्षा अधिकृतलाई प्राविधिक सहयोगको लागि बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) माथि जुनसुकै करा उल्लेख गरिएको भएपनि दफा (३) को उपदफा (५) बमोजिम निर्धारण भएको कोटामा यो कार्यविधि लागु हुदाँका बखतसम्म खाना पकाउने भान्से अविछिन्न सेवारत भएमा निज व्यक्ति सो कोटामा स्वतः रुपान्तरित हुनेछ ।

७. भान्से छनोट समितिको काम, कर्तव्य र अधिकार : भान्से छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि विद्यालय व्यवस्थगाप समितिले निर्धारण गरेको कोटामा भान्से नियुक्ति गर्न खुला प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) भान्से छनौटका लागि अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट गरी विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्ने ।

८. दिवा खाजाको भान्सेको करार सम्झौता : भान्से छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिलेको निर्णयबमोजिम प्रधानाध्यापकले अनुसूची २ बमोजिभम करार सम्झौता गरी खटाउनु पर्नेछ ।

## परिच्छेद - चार

## भान्सेको काम, कर्तव्य र अधिकार

९. विद्यालयमा दिवा खाजा पकाउने भान्सेको काम, कर्तव्य देहायबमोजिम हुनेछ,

(क) विद्यालय खुलेको दिन नियमित रुपमा स्वस्थ र सफा तरिकाले दिवा खाजा पकाउने

र बालबालिकालाई खुवाउने,

(ख) नियमति रुपमा भान्सा घरको सरसफाइ गर्ने,

(ग) विद्यालयको सहयोगमा भान्साका लागि आवश्यक इन्धनको व्यवस्थापन गर्ने,

(घ) बालकालिकालाई दिवा खाजा खुवाइसकेपछि भाडाकुँडा र थालहरु सरसफाई गरी राख्ने,

(ङ) विद्यालयको सहयोगमा पालिकाको गोदाम घरबाट मासिक रुपमा खाद्यान्न ल्याउने र विद्यालयमा ढुवानी गर्ने,

(च) पालिकाबाट बुझिलिएको खाद्यान्न सफा कोठामा सुरक्षित तरिकाले भण्डारण गर्ने,

(छ) दिवा खाजा भण्डारण गर्ने स्थान तथा कोठा चिसो नभएको, सुर्यको किरण नियमित पर्ने, खाद्य सामग्रीहरु राख्दा सामग्रीको तल काठको पटरा तथा न्यायो हुने सामान विछ्याउनुपर्ने, साथै भान्सा घरवरपरको वातावरण सफा, खाजा पकाउने कोठा सकेसम्म सिमेन्टेड र सिमेन्टेड नभएको अवस्थामा लिपेर सफा गराउनु पर्ने जिम्मेवारी खाजा पकाउने व्यक्तिको हुनेछ ।

## परिच्छेद - पाँच

## विद्यालय दिवा खाजाको भान्सेको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

१०. दिवा खाजा पकाउने भान्सेको पारिश्रमिक तथा अन्य सुविधा: (१) यस कार्यविधि बमोजिम नियुक्त हुने भान्सेको पारिश्रमिक भुक्तानीको लागि गाउँपालिकाले सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराउने छ ।

(२) विद्यालय भान्सेलाई देहायबमोजिमको आधारमा विद्यालयलाई अनुदान उपलब्ध गराइने छ ।

(क) माध्यमिक तहको हकमा प्रति महिना रु ६,०००। (छ हजार मात्र) का दरले दश दशमलब पाँच महिनाको,

(ख) आधारभूत तह (०-८) को हकमा प्रति महिना रु ४०००। (अक्षरेपि चार हजार मात्र) का दरले दश दशमलब पाँच महिनाको,

(ग) आधारभूत तह (०-५) को हकमा प्रति महिना रु ३०००। (अक्षरेपि तीन हजार मात्र) का दरले दश दशमलब पाँच महिनाको,

(घ) आधारभूत तह (०-३) को हकमा प्रति महिना रु २०००। (अक्षरेपि दुई हजार मात्र) का दरले दश दशमलब पाँच महिनाको ।

(३) उपदफा (२) बमोजिमको अनुदान रकम विद्यालयलाई एकमुष्ठ वा अर्धवार्षिक वा त्रैमासिक रुपमा निकासा दिइनेछ ।

११. दिवा खाजाको भान्सेले पालना गर्नुपर्ने आचार संहिता: सामुदायिक विद्यालयलको दिवा खजा पकाउने भान्सेले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) विद्यालयसँग भएको करार सम्झौता अनुरूपको कार्य इमानदारीपूर्वक सम्पन्न गर्ने,

(ख) विद्यालय खुलेको दिन निर्धारित समयमा नियमित रूपले विद्यालयमा दिवा खाजा पकाउने र बालबालिकाहरुलाई खुवाउने,

(ग) विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) गाउँपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनैपनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने ।

१२. विद्यालयमा दिवा खाजा पकाउने भान्सेलाई हुन सक्ने सजाय :(१) उचित र पर्याप्त कारण भएमा भान्सेलाई देहायको सजाय हुन सक्नेछ :-

(क) सचेत गराउने,

(ख) नसिहत दिने,

(ग) विद्यालयको दिवा खाजा पकाउने भान्से सेवाबाट हटाउने,

(२) विद्यालय नियमिति नआएमा, नियमिति खाना नपकाएमा, अटेरी गरेमा वा यस्तै प्रकारका अन्य क्रियाकलाप गरेमा भान्सेलाई सचेत गराउने वा नसिहत दिन सकिनेछ ।

(३) पदीय दायित्व पूरा नगरेमा, करार सम्झौता अनुरुप कार्य नगरेमा, विना सूचना विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा वा यस्तै प्रकारका अन्य क्रियाकलाप गरेमा सेवाबाट हटाउन सकिने छ ।

(४) विद्यालयको भान्सेलाई सचेत गराने र नसिहत दिने प्रधानाध्यापकले गर्नेछ भने सेवाबाट हटाउने सजाय विद्यालय व्यवस्थापन समितिको सिफारिसका प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद - छ

## विविध

१३. विद्यालयलाई दिवा खाजा व्यवस्थापन सम्बन्धी अनुदानः (१) आधारभूत तथा माध्यमिक विद्यालयमा दिवा खाजाको व्यवस्थापनको लागि गाउँपालिकाले विद्यालयलाई अनुदान दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान वितरणका लागि देहायबमोजिमको मापदण्डमा रही विद्यालय छनोट गरिनेछ ।

(क) विद्यालयमा खाजा पाक्ने र खुवाउने काम नियमित सञ्चालन भइरहेको हुनपर्ने,

(ख) आधारभूत तथा माध्यमिक तहमा नियमित खाजा खाने विद्यार्थी दुई सय भन्दा बढी हुनुपर्ने,

(३) उपदफा (१) बमोजिमको विद्यालयलाई दिइने दिवा खाजा व्यवस्थापन अनुदानको रकम प्रतिविद्यालय तपसिलका दरले एकमुष्ठ विद्यालयको खातामा निकासा गरिने छ

| | |
|---|---|
| ५० विद्यार्थी सम्म | ५ हजार |
| १५० विद्यार्थी सम्म | ८ हजार |
| २५० विद्यार्थी सम्म | ११ हजार |
| २५० भन्दा माथि | १४ हजार |

(४) उपदफा (३) बमोजिमको रकम विद्यालयले दिवा खाजाको इन्धन, दाल तथा तरकारीको लागि आवश्यक मसला व्यवस्थापन लगायतको कार्यका खर्च गर्ने सक्नेछ ।

१४. बाधा अड्काउ फुकाउने अधिकार:- यस कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

१५. बचाउ र खाजरेजी:- यो कार्यविधि जारी हुनुपूर्व विद्यालयमा दिवा खाजाको भान्से व्यवस्थापनमा विद्याललयले गरेका कार्य यसै कार्यविधिबमोजिम भएगरेको मानिनेछ ।

# अनुसुची १

## सामुदायिक विद्यालयको दिवा खाजा पकाउने भान्सेको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम २०८१

पदः भान्से

अन्तर्वार्ता पूर्णाङ्कः२०

| क्र.सं. | अंक | कैफियत |
|---|---|---|
| अन्तर्वार्ता | २० | |

अन्तर्वार्ताको अंक विभाजन सम्बन्धी विस्तृतीकरणः

अन्तर्वार्ता देहायका आधारमा गरिनेछ,

| आधारहरु | विषयवस्तुको ज्ञान | लगनशीलता | कर्तव्यनिष्ठता र पदीय आचरण | विनयशीलता तथा आत्मविश्वास |
|---|---|---|---|---|
| अंक विभाजन | ५ | ५ | ५ | ५ |

अन्तर्वार्ता बापत ७०% भन्दा बढी र ३५% भन्दा कम दिनुपरेमा स्पष्ट आधार र कारण खुलाउनु पर्नेछ ।

अनुसूचि -२

करार सम्झौताको ढाँचा

<u>श्री ............................ तथा दिवा खाजा पकाउने भान्से श्री.................. बीच भएको करारनामा</u>

श्री मालिकार्जुन गाउँपालिका, दार्चुला (यसपछि पहिलो पक्ष भनिएको) र ........... निवासी श्री ........को छोरा श्री..........(यसपछि दोस्रो पक्ष भनिएको) बीच देहायका शर्तहरुको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उवलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लायौं दियौं ।

१. जिम्मेवारीः दोस्रो पक्षले पहिलो पक्षको आवश्यक्तानुसार खटाएको स्थान र समयमा दिवा खाजाको भान्सेका रुपमा कार्यरत भई काम गर्नु पर्ने छ ।

२. काम गर्नुपर्ने स्थान र समयः सार्वजनिक बिदाको दिन बाहेक अन्य दिनहरुमा नियमित रुपमा मालिकार्जुन गाउँपालिका वडा नं. ........मा सञ्चालित श्री.......विद्यालय ...... दार्चुलामा प्रधानाध्यापकको मातहतमा रही खटाइएको स्थानमा तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ ।

३. सम्झौता अवधिः करार सेवा अवधि मिति.........गतेवाट लागु भई ........ सम्म कायम रहनेछ । दोस्रो पक्षले शारीरिक वा मानसिक अवस्थाको कारण सेवा उपब्ध गराउन असमर्थ भएमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा वा पालन गर्नुपर्ने आचरणहरु पालना नगरेमा सम्झौता तुरुन्त रद्ध गरिनेछ । यस्तो अवस्थामा सम्झौता बुँदा नं. ७ आकर्षित हुने छैन ।

४. पारिश्रमिकः यस करारनामा बमोजिम सेवा प्रदान गरेवापत विद्यालयबाट डोर हजिरी प्रमाणित गराएर दास्रो पक्षलाई आधारभूत (प्रारम्भिक बालशिक्षा देखि कक्षा ३ सम्म, प्रारम्भिक बालशिक्षा देखि कक्षा ५ सम्म), प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म, प्रारम्भिक बालशिक्षा देखि माध्यमिक तहसम्म रु........../- (अक्षरुपी........) मासिक/ त्रैमासिक/अर्धवार्षिक/एकमुष्ठ रुपमा प्रदान गर्नेछ । सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दावी दास्रो पक्षले गर्न पाउने छैन ।

५. आचरणः दोस्रो पक्षले विद्यालयमा विद्यालय खुलेको दिन नियमित खाजा पकाउनु पर्नेछ । दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेको प्रमाणित भएमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

६. समझदारी : प्रथम पक्ष र दोस्रो पक्षबीच यस सम्झौतासँग सम्बन्धित विषयमा विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा विवाद समाधान गरिनेछ ।

७. सम्झौता भङ्गः सम्झौता भङ्ग गर्नु परेमा पहिलो पक्षले कम्तिमा ७ दिन र दास्रो पक्षले कम्तिमा १ महिना अगाडि लिखित रुपमा सूचना दिनुपर्नेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षरः |

आज्ञाले

नाम थर : नर बहादुर ठगुन्ना

दर्जा : प्रमुख प्रशासकीय अधिकृत